# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १९ ] काठमाडौं, श्रावण १ गते २०२६ साल [ अतिरिक्ताङ्क १४ (क)

श्री ५ को सरकार

### गृह पञ्चायत मन्त्रालयको

### सूचना

श्री ५ को सरकारले बनाएको तल लेखिए बमोजिमको सवारी (संशोधन) नियमावली, २०२६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### सवारी (संशोधन) नियमावली, २०२६

सवारी नियमावली, २०२० (यसपछि "मूल नियमावली" भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

सवारी ऐन, २०२० को दफा १०, दफा २१ र दफा ४१ ले दिएको र त्यस सम्बन्धमा प्राप्त अरू सबै अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "सवारी (संशोधन) नियमावली, २०२६" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. मूल नियमावलीको नियम ४ मा संशोधनः– मूल नियमावलीको नियम ४ को सट्टा देहाय बमोजिमको नियम ४ राखिएको छ ।



943

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"४. अनुमतिपत्रको लागि दरखास्तः– (१) सवारी चलाउन अनुमतिपत्र लिन चाहने व्यक्तिले अनुसूची १ को फाराम (क) बमोजिमको ढाँचामा देहायका स्थानको लागि देहायको अधिकारी समक्ष दरखास्त दिनुपर्छः–

(क) काठमाडौं उपत्यकाको निमित्त बागमती अञ्चल प्रहरी सुपरिण्टेण्डेण्ट समक्ष र

(ख) अन्यत्र सम्बन्धित अञ्चल प्रहरी सुपरिण्टेण्डेण्ट वा निजले तोकिदिएको प्रहरी डिपुटी सुपरिण्टेण्डेण्ट वा जिल्ला प्रहरी इन्स्पेक्टर समक्ष ।

(२) उप-नियम (१) बमोजिमको प्रत्येक दरखास्तसाथ अनुसूची १ को फाराम (ख) बमोजिमको स्वीकृत चिकित्सकको प्रमाणपत्र समेत संलग्न रहेको हुनुपर्छ ।

स्पष्टीकरणः– स्वीकृत चिकित्सक भन्नाले नेपाल मेडिकल काउन्सिल ऐन, २०२० बमोजिम दर्तावाला चिकित्सकलाई सम्झनु पर्छ ।

(३) उप-नियम (१) बमोजिम प्रत्येक दरखास्तसाथ अनुसूची २ मा लेखिए बमोजिमको दस्तूर दाखिल गर्नुपर्छ ।

तर शाही सेनाका सवारी चालकको हकमा युनिटको कमाण्डिङ अफिसर (सी॰ओ.) वा निजको अधिकार प्राप्त अन्य कुनै अधिकृतले निज दरखास्तवाला शाही सेनाको सवारी चलाउनु पर्ने बहालवाला व्यक्ति भनी सिफारिश गरी दिएकोमा रू. ।५० पैसा मात्र दस्तूर लाग्नेछ ।

३. मूल नियमावलीको नियम ६ मा संशोधनः– मूल नियमावलीको नियम ६ को उप-नियम (२) को सट्टा देहाय बमोजिमको उप-नियम (२) राखिएको छ ।

"(२) कसैले कुनै अनुमतिपत्र नवीकरण गराउन चाहेमा नियम ४ को उप-नियम (१) मा लेखिएको अधिकारीको समक्ष अनुसूची १ को फाराम (च) बमोजिमको ढाँचामा दरखास्त दिनुपर्छ र त्यस्तो प्रत्येक दरखास्तको साथ अनुमतिपत्र बापत नियम ४ को उप-नियम (३) बमोजिम लाग्ने दस्तूरको सयकडा पच्चीस दस्तूर दाखिल गर्नुपर्छ ।

४. मूल नियमावलीको नियम १३ मा संशोधनः– मूल नियमावलीको नियम १३ को उप-नियम (१) को सट्टा देहाय बमोजिमको उप-नियम (१) राखिएको छः–

"(१) नियम १३ को उप-नियम (४) वा ऐनको दफा ८ को उप-दफा (१) वा दफा ९ को उप-दफा (१) बमोजिम अनुमतिपत्र खारेज वा निलम्बन गर्ने गरी दिएको आदेशबाट मर्का पर्ने व्यक्तिले सो आदेश उपर त्यस्तो आदेश दिने अधिकारीको एक तह माथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ ।"

५. मूल नियमावलीको नियम १५ मा संशोधनः– मूल नियमावलीको नियम १५ को सट्टा देहाय बमोजिमको नियम १५ राखिएको छः–

९५८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"१५. सवारी दर्ता गराउनु पर्नेः– ऐनको दफा ११ को उप-दफा (१) बमोजिम सूचित आदेशमा उल्लेख भएको प्रत्येक सवारी नियम ४ को उप-नियम (१) बमोजिमको अधिकारीको कार्यालयमा दर्ता गराउनु पर्छ ।"

६. मूल नियमावलीको नियम १६ मा संशोधनः– मूल नियमावलीको नियम १६ को सट्टा देहाय बमोजिमको नियम १६ राखिएको छः–

"१६. सवारी दर्ता गराउन दरखास्त दिनेः– (१) नियम १५ बमोजिम दर्ता गराउनु पर्ने सवारी दर्ता गराउनको लागि सवारी धनीले विदेशबाट पैठारी गरेकोमा भन्सार महसूल तिरेको निस्सा सहित भन्सार महसूल तिरेको मितिले र नेपाल अधिराज्य-भित्र खरीद गरेकोमा खरीद गरेको निस्सा सहित खरीद गरेको मितिले ३५ दिनभित्र अनुसूची १ फाराम (छ) बमोजिमको ढाँचामा दरखास्त दिनुपर्छ ।

(२) सवारीको पार्टपूर्जा टुटफुट भएको कारणले उप-नियम (१) मा तोकिएको म्यादभित्र सवारी दर्ता गराउन नसकिने भई सवारीधनीले सो कुराको सूचना दर्ता गर्ने अधिकारीलाई दिएकोमा सो अधिकारीले अर्को ३५ दिनको म्याद थप गर्न सक्नेछ ।

(३) उप-नियम (१) बमोजिमको प्रत्येक दरखास्तसाथ अनुसूची ३ मा लेखिए बमोजिमको दस्तूर समेत दाखिल गर्नु पर्नेछ ।

तर श्री ५ को सरकारको र कूटनैतिक सुविधा प्राप्त व्यक्तिको सवारी दर्ता गर्दा कुनै दस्तूर लाग्नेछैन ।

(४) माथिका उप-नियमहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि बिक्रीको निमित्त कुनै व्यापारी वा निर्माताले पैठारी गरेको वा नेपाल अधिराज्यभित्र बनाएको सवारीको हकमा यस नियम बमोजिम दरखास्त दिनुपर्ने छैन ।"

७. मूल नियमावलीको नियम २१ मा संशोधनः– (१) मूल नियमावलीको नियम २१ को उप-नियम (२) मा देहाय बमोजिमको प्रतिबन्धात्मक वाक्यांश थपिएको छः–

"तर श्री ५ को सरकारको र कूटनैतिक सुविधा प्राप्त व्यक्तिहरूको सवारी दर्ताको प्रमाणपत्र नवीकरण गराउँदा कुनै दस्तूर लाग्ने छैन ।

(२) मूल नियमावलीको नियम २१ को उप-नियम (४) को सट्टा देहाय बमोजिम (४) राखी त्यसपछि देहाय बमोजिमको उप-नियम (५) थपिएको छः–

"(४) उप-नियम (१) बमोजिम नवीकरण गर्ने म्याद गुज्रेकोमा सो गुज्रेको मितिले साठी दिनभित्र सवारीधनीले दरखास्त दिएमा नियम १६ को उप-नियम (३) बमोजिमको दस्तूरको सयकडा पैंतीस दस्तूर बुझिलिई दर्ताको प्रमाणपत्र नवीकरण गरी दिनुपर्छ ।

९८७
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(५) उप-नियम (४) बमोजिमको म्याद नाघेपछि नियम १६ को उप-नियम (३) बमोजिमका दस्तूरको दोब्बर दस्तूर बुझाएमा मात्र दर्ताको प्रमाणपत्र नवीकरण हुन सक्नेछ ।

८. मूल नियमावलीको नियम २५ मा संशोधनः– मूल नियमावलीको नियम २५ को उप-नियम (१) को सट्टा देहाय बमोजिमको उप-नियम (१) राखिएको छः–

"(१) दर्ता गर्ने अधिकारीले यस परिच्छेद वा ऐनको परिच्छेद ३ अन्तर्गत दिएको आदेशमा चित्त नबुझ्ने व्यक्तिले सो आदेश उपर त्यस्तो आदेश दिने अधिकारीको एक तह माथिको अधिकारी समक्ष पुनरावेदन गर्न सक्नेछ ।"

९. मूल नियमावलीको नियम २८ मा संशोधनः– मूल नियमावलीको नियम २८ को सट्टा देहाय बमोजिमको नियम २८ राखिएको छः–

"२८. बाटो काट्नेः– कुनै सडकको एक किनाराबाट हिंडी रहेको मानिस वा सवारीले सो सवारीले सो सडकको अर्को किनारामा जानु पर्ने भै बाटो काट्नु परेमा सो सडकमा भैरहेको आवागमनको विचार गरी कुनै दुर्घटना नहुने बचाउ गरेर वा त्यस्तो सडकमा बाटो काट्ने निर्धारित स्थान भए त्यस्तो ठाउँबाट मात्र बाटो काट्नु पर्छ ।"

१०. मूल नियमावलीको नियम ३० मा संशोधनः– मूल नियमावलीको नियम ३० को खण्ड (ख) पछि देहाय बमोजिमको खण्ड (ग) र (घ) थपिएको छः–

"(ग) सडकको किनारामा राखिएको सवारीको पछि रहेको सवारीले सामुन्नेबाट नजिकै आई पुगेको सवारीलाई जान नदिई आफू जान हुँदैन । तर उकालो चढी रहेको सवारीलाई सामुन्नेबाट आउने सवारीले प्राथमिकता दिनुपर्छ ।

(घ) मूल सडकमा प्रवेश गर्ने सवारीको चालकले प्रवेश स्थानमा सवारीलाई रोकी दायाँ बायाँ हेरी तत्कालै चली रहेको सवारीहरू पास भै सकेपछि दुर्घटना नहुने बचाउ गरेर मात्र सडकमा प्रवेश गर्नुपर्छ ।"

११. मूल नियमावलीको नियम ३४ मा संशोधनः– मूल नियमावलीको नियम ३४ को उप-नियम (३) पछि देहाय बमोजिमको उप-नियम (४) थपिएको छः–

"(४) मोटर सवारीलाई रातमा चलाउँदा प्रेट्रोमेक्स, लाल्टेन, टर्चलाइट इत्यादिको भरमा चलाउन हुँदैन । मोटर बाहेक बत्ती बाली चलाउनु पर्ने अरू सवारीमा टर्च लाइट वा लालटेन बालेर चलाएको भए त्यसको निमित्त निर्दिष्ट गरिएको ठाउँमा सो टर्चलाइट वा लालटेन बाँधिएको वा अड्याइएको हुनुपर्छ ।"

१२. मूल नियमावलीको नियम ३५ मा संशोधनः– मूल नियमावलीको नियम ३५ को उप-नियम (३) को सट्टा देहाय बमोजिमको उप-नियम (३) राखिएको छः–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"(३) श्री ५ महाराजाधिराज राज भएको सवारी, दमकल, एम्बुलेन्स र रिभल्विंग फ्लेसिङ लाइट जडिएको कुनै प्रहरी सवारी अगाडि गई नसकेसम्म सवारीलाई छेउ लगाई राख्नु पर्छ ।"

१३. मूल नियमावलीको नियम ३८ मा संशोधनः– मूल नियमावलीको नियम ३८ को उप-नियम (१) को सट्टा देहाय बमोजिम उप-नियम (१) राखिएको छः–

"(१) निजी सवारीको रूपमा दर्ता भएको सवारी उप-नियम (२) मा लेखिए बमोजिम नगरी भाडामा चलाउन हुँदैन र त्यस्तो निजी सवारी विशेष काम परेको अवस्थामा बाहेक भाडावाल सवारी राख्ने ठाउँमा समेत राख्न हुँदैन ।"

१४. मूल नियमावलीमा नियम ३९,४०,४१,४२ र ४३ थपः– मूल नियमावलीको नियम ३८ पछि देहाय बमोजिमको नियम ३९,४०,४१,४२ र ४३ थपिएको छः–

"३९. बेसाबुद सवारी चलाउन नहुनेः– (१) सार्वजनिक सडक, मूलबाटो तथा बजारमा ठीक अवस्थामा नरहेको बेसाबुद सवारीहरू चलाउनु हुँदैन ।

(२) पहाडी क्षेत्रको सडकहरूमा चल्ने भाडावाल मोटरहरू प्रत्येक महीनामा नियम ४ को उप-नियम (१) बमोजिमको अधिकारीको कार्यालयबाट जाँच गराई पास लिएर मात्र चलाउन पाइने छ ।

(३) पहाडी क्षेत्र बाहेक अन्य समथर स्थानका सडकहरूमा चल्ने भाडावाल ,मोटरहरू प्रत्येक ३ महीनामा उप-नियम (२) बमोजिम जाँच गराई जाँच पास लिएर मात्र चलाउन पाइने छ ।

(४) उप-नियम (२) र (३) मा जेसुकै लेखिएको भए तापनि नियम ४ को उप-नियम (१) बमोजिमको अधिकारीले तोकेको प्रहरीले आवश्यक ठानेमा कुनै पनि समयमा भाडावाल मोटरहरू जाँच गर्न सक्नेछ । यसरी जाँच गर्दा सवारी ठीक अवस्थामा नभएको देखिन आएमा निजले त्यस्तो सवारीको जाँच पास रद्द गर्न सक्नेछ ।

४०. भाडावाल सवारीले यात्रु लिनै पर्नेः– यात्रुको लागि घुमिरहेको वा अडिरहेका भाडावाल सवारीहरूले यात्रु लिन इन्कार गर्न पाउने छैन ।

४१. सङ्केत चिह्न (साइनबोर्ड):– सवारी नियन्त्रणको लागि ट्राफिक प्रहरी वा सम्बन्धित अधिकारीबाट प्रदर्शित गरिएका सङ्केत चिह्न कसैले बिगार्न, सेटाउन, भाँच्न, उखेल्न, सार्न समेत हुँदैन । अनजानसंग सवारीको धक्काबाट त्यस्तो चिह्न बिग्रन वा भाँच्न गएमा त्यस्तो सवारीको चालकले यथाशीघ्र नजिकको प्रहरी कार्यालय, ठाना, चौकीमा सूचना गर्नुपर्छ ।

९८६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२. सार्वजनिक आवागमनमा बाधा पार्न नहुने:– (१) सार्वजनिक सडक, बाटो वा पेटी (फुटपाथ) मा सवारी वा अन्य कुनै पनि मालसामान आवागमनमा बाधा पर्ने गरी राख्न, राख्न लगाउनु वा थुपार्न हुँदैन ।

(२) कुनै सवारी बिग्रिएमा सडकमा राखी छाड्न हुँदैन । त्यस्तो सवारी यथाशक्य चाँडो सुरक्षित स्थानमा लैजान पर्छ ।

(३) सवारी बिग्री अन्यत्र लान नसक्ने अवस्थामा परी सडकमा राख्न परेमा दुर्घटना हुन नपाउने किसिमबाट सडकको बायाँ किनारा लगाई राख्नु पर्दछ र रातको समयमा त्यस्तो सवारीको अगाडि पछाडि रातो बत्ती रिफलेक्टर वा फ्लासर लगाई राख्नुपर्छ ।

(४) सवारी चल्ने आवागमनको सडक वा पुलमा कुनै निर्माणको निमित्त खन्नु भत्काउनु परेको अवस्थामा दुर्घटनाको बचाउको निमित्त त्यस्तो ठाउँमा सो कार्य गर्ने गराउने अधिकारीले र प्राकृतिक प्रकोप वा अन्य कुनै कारणबाट सडक वा पुल बिग्रन गई सवारी चलाउन खतरा भएका ठाउँमा ट्राफिक प्रहरीले रातको समयमा रातो बत्ती र दिनको समयमा रातो झण्डा वा अन्य कुनै सङ्केत चिह्न टाढैबाट प्रष्ट थाहा पाउने गरी राख्नुपर्छ । निर्माणको निमित्त खन्ने भत्काउने अवस्थामा सम्बन्धित व्यक्ति वा अधिकारीले ट्राफिक प्रहरीलाई पनि २४ घण्टा अगावै सूचना दिनुपर्छ ।

४३. कण्डक्टर र क्लिनरको काम कर्तव्य:– कण्डक्टर वा क्लिनरको काम कर्तव्य देहायमा लेखिए बमोजिम हुनेछ:–

(१) नियम ३५ बमोजिम आफ्नो सवारीलाई उछिनी जान दिनुपर्ने अवस्था परेमा तुरुन्त आफू रहेको सवारीको चालकलाई खबर दिई उछिनी जान दिने प्रबन्ध गर्ने ।

(२) पछाडिबाट कुनै मानिसको ज्यूज्यान तथा धनमालमा खतरा पर्न लागेको अवस्थामा चालकलाई खबर गरी ज्यूज्यानमा तथा धन मालको सुरक्षा गराउने ।

(३) सवारी पछि हटाउँदा दुर्घटनाहरू हुन नदिन चालकलाई सहयोग गर्ने र

(४) यात्रुहरूलाई सक्दो सुविधा दिलाउन सहायक र सहयोग गर्ने ।

१५. मूल नियमावलीको अनुसूचीहरूमा संशोधन:– मूल नियमावलीको अनुसूची ३ र ४ को सट्टा यसैसाथ संलग्न भए बमोजिमको अनुसूची ३ र ४ राखिएको छ ।

१४८

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## अनुसूची–३

### (नियम १६ को उप-नियम (३) सित सम्बन्धित)

**(क) जिनी सवारी भए**

| सवारीको किसिम | दस्तूर |
|---|---|
| १. तीन टन वा सोभन्दा बढी वजनको ट्रक वा लहरी | एक सय पचास रुपैयाँ |
| २. बीस सीट वा सोभन्दा बढीको बस | एक सय पच्चीस रुपैयाँ |
| ३ तीन टनभन्दा कम वजन भएको ट्रक वा लहरी वा बीस सीटभन्दा कमको बस | एक सय रुपैयाँ |
| ४. मोटर कारः– | |
| (क) १३०० सी. सी. सम्मको | पच हत्तर रुपैयाँ |
| (ख) १३०१ सी. सी. देखि २००० सी. सी. सम्मको | एक सय रुपैयाँ |
| (ग) २००१ सी. सी. देखि २६०० सी. सी. सम्मको | एक सय पच्चीस रुपैयाँ |
| (घ) २६०१ सी. सी. देखि बढी जतिसुकै सी. सी. को | एक सय पचास रुपैयाँ |
| ५. जीप, ल्याण्डरोभर, स्टेशनवाइगन, क्रस कन्ट्रीकार, भ्यान र पिक-अप भ्यान इत्यादि तीन वा सोभन्दा बढी पांग्रामा गुड्ने माथि १,२,३ र ४ नं. मा लेखिए बाहेक मानिस वा मालसामान ओसार्ने अरू मोटर सवारी | पचहत्तर पैयाँ |
| ६. मोटरसाइकल, स्कूटर, सनसाइन इत्यादि दुइ पांग्रामा गुड्ने मोटर सवारीः– | |
| (क) २५० सी. सी. वा सोभन्दा बढीको | बीस रुपैयाँ |
| (ख) २५० सी. सी. भन्दा मुनिको | पन्ध्र रुपैयाँ |
| ७. मानिस वा मालसामान ओसार्ने मोटर सवारी बाहेक पांग्रा वा ट्र्याकचेनमा चल्ने अरू मोटर | |
| (क) ट्र्याक्टर प्रति हर्स पावर | एक रुपैयाँ |
| (ख) डम्पर | एक सय रुपैयाँ |
| (ग) क्रेन | एक सय रुपैयाँ |
| (घ) बुल्डोजर ब्लेड प्रति फुटको | बीस रुपैयाँ |
| (ङ) रोड रोलर प्रति टनको | दश रुपैयाँ |
| (च) सोदेखि बाहेक अरूको | एक सय रुपैयाँ |
| ८. घोडागाडी बैलगाडी, रिक्सा टचांक रिक्सा वा मालवाहक रिक्सा | चार रुपैयाँ |

(ख) भाडामा चलाउने सवारी भएः– माथि लेखिएको दस्तूरको दोब्बर लिइने छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–४

(नियम २३ को उप-नियम (१) संग सम्बन्धित)

सवारीको नम्बर प्लेटमा राखिने विभिन्न अञ्चलको सङ्केत

| क्र. सं. | अञ्चल | छोटकरी अक्षर |
|---|---|---|
| १. | मेची अञ्चल | मे. अ. |
| २. | कोशी अञ्चल | को. अ. |
| ३. | सगरमाथा अञ्चल | स. अ. |
| ४. | जनकपुर अञ्चल | ज. अ. |
| ५. | नारायणी अञ्चल | ना. अ. |
| ६. | बागमती अञ्चल | बा. अ. |
| ७. | गण्डकी अञ्चल | ग. अ. |
| ८. | धवलागिरी अञ्चल | ध. अ. |
| ९. | लुम्बिनी अञ्चल | लु. अ. |
| १०. | राप्ती अञ्चल | रा. अ. |
| ११. | भेरी अञ्चल | भे. अ. |
| १२. | कर्णाली अञ्चल | क. अ. |
| १३. | सेती अञ्चल | से. अ. |
| १४. | महाकाली अञ्चल | म. अ. |

माथि लेखिए बमोजिम प्लेट राख्दा देहाय बमोजिम राख्नु पर्छ:–

१. श्री ५ को सरकारको स्वामित्व भएको सवारी भए सेतो प्लेटमा रातो अक्षर र अङ्क ।

२. निजी सवारी भए रातो प्लेटमा सेतो अक्षर र अङ्क ।

३. भाडावाला सवारी भए कालो प्लेटमा सेतो अक्षर र अङ्क ।

४. माथि १,२,३ नं. बमोजिम लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ ।

आज्ञाले–

उपरथी छत्रविक्रम राणा

श्री ५को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित ।

९५०

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।